"वित्तीय सफलताको लागि साथी"

# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.

# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था, प्रादेशिक स्तर (बागमती प्रदेश)

केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक,
फोन नं. ०११-६६५६२६, वेबसाईट : https://weannepal.com

## संस्थापक शेयरधनीहरूको शेयर संरचना परिवर्तन गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रकाशित मितिः २०८२/०६/२१)**

यस विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड (साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड र विन लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई बनेको वित्तीय संस्था) को हालसम्म कायम रहेको संस्थापक शेयरधनी समुहको ७० प्रतिशत र सर्वसाधारण शेयरधनी समुहको ३० प्रतिशत शेयर स्वामित्व संरचनालाई साविकको नेपाल सेवा लघुवित्त संस्था लिमिटेडको संस्थापक शेयरधनीहरुको नाममा कायम रहेको संस्थापक शेयर मात्र एकिकृत संस्थाको कुल चुक्ता पुंजीको ७.९७ प्रतिशत विन्दुले शेयर संरचना परिवर्तन गरी संस्थापक शेयरधनी समूहको ६२.०३ प्रतिशत र सर्वसाधारण शेयरधनी समूहको ३७.९७ प्रतिशत शेयर स्वामित्व हुने गरी शेयरधनीहरुको पुंजीको संरचनालाई परिवर्तन गर्न यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०२/१४ गते बसेको ४५ औं बैठकको निर्णयानुसार नेपाल राष्ट्र बैंकमा स्वीकृति माग गरिएकोमा नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) र प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त लघुवित्त संस्थालाई जारी गरिएको निर्देशन बमोजिम स्वीकृति प्राप्त भई सकेको हुँदा सो बमोजिम साविक नेपाल सेवा लघुवित्त वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुले मात्र आफ्नो शेयर अनुपात परिवर्तन गर्ने वा नगर्ने सम्बन्धमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै साविक नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि.का संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय बनेपा–१३, साँगा, काभ्रेपलाञ्चोकमा सम्पर्क राखी लिखित रुपमा निवेदन दिन वा वित्तीय संस्थाको ईमेल info.weannepal@gmail.com मा निवेदन पठाउनु हुन अनुरोध गर्दछौं। यो सूचनाको म्यादभित्र सर्वसाधारण समुहको शेयरमा परिवर्तन नगर्ने भनी निवेदन नदिनु हुने संस्थापक शेयरधनीहरुको हकमा संस्थापक शेयर अनुपात सर्वसाधारण समुहमा परिवर्तन गर्न मञ्जुर रहेको ठानी सोही बमोजिम सर्वसाधारण समुहमा परिवर्तन गर्ने तर्फ प्रक्रिया अगाडी बढाईने व्यहोरा सम्बन्धित संस्थापक शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।